म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१४ अङ्कः- २०९ २०८० असार ९ गते शनिबार 24 June 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

**योग्यता, स्वच्छता, निष्पक्षताः लोक सेवा आयोगको प्रतिबद्धता**

- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं ।
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा–पलायन हुनबाट रोक्ने वातावरण निर्माण गरौं ।
- निर्भिक एवम् निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसर प्रयोग गरौं र गराऔं ।

२०८० असार १ गते लोक सेवा आयोगको ७३ औं वार्षिकत्सव भव्यताका साथ मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### अवकासप्राप्त ७७ शिक्षकलाई सम्मान

## नगर उपप्रमुख भन्नुहुन्छ, "मसँग शिक्षकले मदिरा सेवन गरेको फोटो छ"




*अवकाश प्राप्त शिक्षकलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाले अनिवार्य अवकाश प्राप्त शिक्षकलाई सम्मान गरेको छ। समितिको २५औं साधारण भेलाको अवसरमा शुक्रबार हेटौंडामा शिक्षकहरुलाई सम्मान गरेको हो। २०७५ सालपछि अनिवार्य अवकाश प्राप्त ७७ जना शिक्षकलाई सम्मान गरिएको हो।

हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्य तथा समितिका अध्यक्ष सागरप्रसाद खतिवडाको अध्यक्षतामा अधिवेशनको उद्घाटन कार्यक्रम भएको हो। शिक्षक भेलालाई सम्बोधन गर्नुहुँदै उपप्रमुख बानियाँले शिक्षकको आचरणमाथि प्रश्न उठाउनुभएको छ। उहाँले शिक्षकहरु भट्टीमा भेटिने गरेको, भट्टीमा मदिरा सेवन गर्दै गरेको फोटो सामाजिक सञ्जालमा भेटेको भन्दै शिक्षकको आचरणमाथि प्रश्न उठाउनभुएको छ। सुगममा मात्रै बस्न चाहने शिक्षकको चरित्र ठिक नभएको उहाँको भनाइ थियो।

आफ्ना सन्तानलाई विदेश पठाउने शिक्षकले यहाँ के शिक्षा दिन्छ भन्दै आक्रोश समेत पोख्नुभयो। आफू युरोप, अमेरिका जहाँ बसे पनि बस्न सक्ने हुँदा हुँदै पनि नेपाल फर्किएको उल्लेख गर्नुहुँदै भन्नुभयो, "कतिपयले आलोचना गर्छन् हेटौंडाका प्रमुख र उपप्रमुखले केही पनि गरेनन्। खै बालेनले जस्तो गरेको भन्छन्। काठमाडौंमा चिप्लेटी र बाँसघारी छ र? काठमाडौं जस्तो सुगम ठाउँमा काम गर्नु र हेटौंडाको चिप्लेटी र बाँसघारीमा काम गर्न सजिलो छैन।"

उद्घाटन कार्यक्रममा नगरस्तरीय शैक्षिक समन्वय समितिका सचिव माधव खतिवडाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष दिनेश उप्रेतीले आयव्यय विवरण प्रस्तुत गर्नुभएको थियो। नगरस्तरीय शैक्षिक समन्वय समितिले हेटौंडा उपमहानगर क्षेत्रका विद्यालयबीच परीक्षा सञ्चालनमा आवश्यक समन्वय गर्दै आएको छ।

### अध्यक्षमा दुई, सदस्यमा २५ आकांक्षी

यसैबीच नगरस्तरीय शैक्षिक समन्वय समितिको अध्यक्षमा दुईजना र सदस्यमा २५ जना आकांक्षी देखिएका छन्। अध्यक्षमा ५ जना आकांक्षी देखिए पनि सहमतिको प्रयास गर्दै गर्दा अझै २ जना आकांक्षी बाँकी रहेको निवर्तमान अध्यक्ष सागरप्रसाद खतिवडाले जानकारी दिनुभएको छ। अध्यक्षमा केशव सञ्जेल र खेमराज लामिछाने आकांक्षी देखिनुभएको छ। यस्तै १४ जना सदस्य आवश्यक रहेकोमा २५ जना आकांक्षी रहेको खतिवडाले बताउनुभएको छ। अध्यक्ष र सदस्य चयनपछि सचिव, कोषाध्यक्ष र सहसचिव चयन गर्ने व्यवस्था छ। अध्यक्षको विषयमा सहमति हुन नसक्दा सदस्यको विषयमा सहमतिको प्रयास नै हुन नपाएको र शनिबार दिनभर सहमतिको प्रयास गरिने खतिवडाले बताउनुभएको छ। २०४८ सालमा स्थापना भएको नगरस्तरीय शैक्षिक समन्वय समितिमा अहिलेसम्म निर्वाचन नभएको उल्लेख गर्नुहुँदै निवर्तमान अध्यक्ष खतिवडाले भन्नुभयो, "शनिबार सहमतिमा पुग्छौं होला।"

## मावि स्थायी शिक्षकको विषयगत परीक्षा आज

समाज संवाददाता

हेटौंडाः शिक्षक सेवा आयोगले बागमती प्रदेशस्तरीय माध्यमिक तहको स्थायी शिक्षक नियुक्तिका लागि आज शनिबार परीक्षा सञ्चालन गर्दैछ। परीक्षामा माध्यमिक तहको विभिन्न विषयको ३ हजार एक सय ५६ जना परीक्षार्थी सहभागी हुँदैछन्।

परीक्षार्थीहरुले शिक्षा विकास तथा समन्वय ईकाइ मकवानपुर र पायक पर्ने ईकाइबाट सिफारिसपत्रसमेत शुक्रबार बेलुकासम्म लिइसकेका छन्। दृष्टिविहीन करिब ९ परीक्षार्थीले पनि शिक्षा विकास तथा समन्वय ईकाइ मकवानपुरबाट सिफारिसपत्र लिएको ईकाइकी अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो।

दोलाखदेखि दृष्टिविहीन परीक्षार्थी सुजित गुरुङ शुक्रबार परीक्षामा सहभागी हुन आउनुभएको छ। उहाँ सोही दिन सिफारिसपत्र लिन शिक्षा विकास तथा समन्वय ईकाइ मकवानपुर पुग्नुभएको हो। यस्तै, चितवनबाट दृष्टिविहीन परीक्षार्थी अर्जुन जिरेल पनि हेटौंडामा आउनुभएको छ। उहाँहरु सहयोगी साथीको साथमा हेटौंडा आइपुग्नुभएको हो।

गुरुङ र जिरेलले आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र भूटनदेवी माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट परीक्षा दिँदैछन्। आधुनिक राष्ट्रिय माविमा ३ वटा परीक्षा केन्द्र तोकिएको छ। आधुनिकको 'क' परीक्षा केन्द्रबाट नेपाली विषयका २ सय ५ जना परीक्षार्थीले परीक्षा दिनेछन्। आधुनिककै 'ख' परीक्षा केन्द्रबाट पनि नेपाली विषयकै २ सय ६ जना परीक्षार्थीले परीक्षा दिनेछन्। सोही विद्यालयको 'ग' परीक्षा केन्द्रबाट संस्कृत व्याकरणका ६ जना परीक्षार्थीले परीक्षा दिनेछन्।

भूटनदेवी माध्यमिक विद्यालय परीक्षा केन्द्र 'क' बाट अंग्रेजी विषयको २ सय २० जना र 'ख' बाट अंग्रेजी विषयकै २ सय २० जनाले परीक्षा दिनेछन्। ज्ञानदा माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट पनि अंग्रेजी विषयको २ सय २१ जनाले परीक्षा दिनेछन्।

बालजागृति माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट गणित विषयको २ सय ३० जनाले परीक्षा दिनेछन्। बालज्योति माध्यमिक विद्यालय 'क' केन्द्रबाट अर्थशास्त्र विषयको ८० जना र 'ख' परीक्षा केन्द्रबाट सामाजिक विषयको २ सय ५५ जनाले परीक्षा दिनेछन्।

अमर माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट सामाजिक विषयको २ सय ५५ जनाले परीक्षा दिनेछन्। सिद्धार्थ माध्यमिक विद्यालय परीक्षा केन्द्र 'क'बाट कार्यालय सञ्चालन तथा लेखा विषयको एक सय ३८ जनाले परीक्षा दिनेछन्। 'ख' परीक्षा केन्द्रबाट विज्ञान विषयको २ सय १४ जनाले परीक्षा दिनेछन्। श्रमिक माध्यमिक विद्यालय कर्रा परीक्षा केन्द्रबाट विज्ञान विषयको २ सय १५ जना र वंशगोपाल माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट विज्ञान विषयको २ सय १५ जना परीक्षार्थीले परीक्षा दिनेछन्। १४ वटा परीक्षा केन्द्र तोकिएको अधिकृत ढकालले जानकारी दिनुभयो।

## त्रिभुवन माविमा छात्रवृत्ति वितरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६, हटियास्थित त्रिभुवन माविका ५४ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको छ। कक्षा-८, ९ र १० का अभिभावक भेलामा कक्षा ८ सम्मका छात्रा र दलित छात्रछात्रालाई छात्रवृत्ति वितरण गरिएको शिक्षक शालिकराम घिमिरेले जानकारी दिनुभएको छ। ५४ जना विद्यार्थीलाई जनही ४ सय रुपैयाँका दरले २१ हजार ६ सय रुपैयाँ छात्रवृत्ति वितरण गरिएको विद्यालयका लेखापाल सन्तोष परियारले जानकारी दिनुभएको छ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मनोज कुमार पाठक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रप्रसाद देवकोटा, शिक्षक अभिभावक संघका अध्यक्ष लिलाधर दाहालको पनि उपस्थिति रहेको थियो। १ सय ५० जना विद्यार्थी अध्ययनरत विद्यालयका अभिभावकले विद्यार्थीमा अनुशासन कायम गर्न नसकेको, पठनपाठन प्रभावकारी नभएको गुनासो गरेका छन्। विद्यार्थीले विद्यालय टाढा हुँदा विद्यालय आउजाउमा समस्या भइरहेको गुनासो गरेका छन्।

## करेन्ट लागेर प्रधानको मृत्यु

समाज संवाददाता

**हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका–१५, रामपुरमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा तनहुँको बन्दीपुर गाउँपालिका–३ घर भई हाल भरतपुर महानगरपालिका–११ बस्ने ३० वर्षीय बिमल प्रधान रहेको प्रहरीले जानकारी दिएको छ।**

**प्रधान बिहीबार बेलुका ७ बजेर ३० मिनेटको समयमा रामपुरस्थित राष्ट्रिय मकैबारी अनुसन्धान केन्द्रको ढोका बनाउने क्रममा करेन्ट लागेर घाइते भएका थिए। घाइते प्रधानलाई उपचारको लागि जिल्ला अस्पताल भरतपुर लगिएकोमा उपचारको क्रममा ७ बजेर ५० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।**

**डेस्कटप डिजाइनर चाहियो**

हेटौंडा-२, मानसचोकस्थित एक डेस्कटप सेवा सञ्चालन गर्दै आएको कम्पनिलाई डेस्कटप डिजाइनर आवश्यक भएकोले इच्छुक योग्य व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला। फोटोशप चलाउन जान्ने। दश जोड दुई तह अध्ययनरत विद्यार्थीलाई प्राथमिकता दिइनेछ।

**तलब**: आपसी समझदारीमा तय गरिनेछ। सम्पर्कः ९८४८७०८७८०




## हेटौंडामा २० जना शिक्षकको पदस्थापन

समाज संवाददाता

**हेटौंडाः हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाले उपमहानरभित्र २० जना शिक्षकलाई पदस्थापना गरेको छ। शिक्षक सेवा आयोगको परीक्षामा सहभागी भई उत्तीर्ण प्राथमिक तहको शिक्षकलाई बिहीबार पदस्थापना गरिएको हो।**

**प्राथमिक तहको शिक्षकको रुपमा नियुक्तिपत्र लिएका शिक्षकलाई उपमहानर भित्र रहेका विद्यालयमा अध्यापनको लागि पदस्थापना गरिएको हो। सन्तोषी चौलागाई र लीलादेवी तिमल्सिनालाई हेटौंडा–४ स्थित भूटनदेवी माध्यमिक विद्यालयको शिक्षकमा पदस्थापन गरिएको छ। कविताकुमारी भट्टलाई हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा र रञ्जिता थापालाई हेटौंडा–६ स्थित बालजागृति युवा वर्ष माध्यमिक विद्यालयमा पदस्थापन गरिएको छ।**

**रीता श्रेष्ठलाई हेटौंडा–६ स्थित वंशगोपाल माध्यमिक विद्यालयमा, हरिना धामीलाई हेटौंडा–६ कै त्रिभुवन माध्यमिक विद्यालयमा र सुनिता पराजुलीलाई हेटौंडा–५ स्थित लक्ष्मी आधारभूत विद्यालयमा पदस्थापन गरिएको छ। यस्तै, संगीता घिमिरेलाई हेटौंडा–११ स्थित त्रिभुवन माध्यमिक विद्यालयमा र सुनिता ढकाललाई हेटौंडा–१२ स्थित विष्णुज्योति आधारभूत विद्यालयमा पदस्थापन गरिएको छ।**

**शारदा अधिकारीलाई हेटौंडा–१३ स्थित युगचेतना आधारभूत विद्यालय र शर्मिला पौडेल तथा तोपकुमारी हुमागाईंलाई हेटौंडा–१८ स्थित गोरक्षनाथ माध्यमिक विद्यालयमा पदस्थापन गरिएको छ। सम्झना सिंह ठकुरीलाई विष्णुज्योति आधारभूत विद्यालय हेटौंडा–१२, नेलबहादुर दर्लामीलाई कालिका आधारभूत विद्यालय हेटौंडा–१९, मनराज घलानलाई कालिका आधारभूत विद्यालय हेटौंडा–१, जनक फडेरा र मनोज कार्कीलाई विश्वज्योति आधारभूत विद्यालय हेटौंडा–१५ मा पदस्थापना गरिएको छ। यसैगरी रमेश साउदलाई अरनिको आधारभूत विद्यालय हेटौंडा–१९, असिम घिमिरेलाई आकाशधारा पानीसारा आधारभूत विद्यालय हेटौंडा–१६ र कुमारप्रसाद लुईटेललाई अरनिको आधारभूत विद्यालय हेटौंडा–१९ मा पदस्थापना गरिएको हेटौंडा उपमहानगर पालिका शिक्षा महाशाखाका शिक्षा अधिकृत रामचन्द्र खड्काले जानकारी दिनुभयो।**

## २२ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः मोवाइल एसोसिएसन अफ नेपाल मकवानपुरको आयोजनामा शुक्रबार बिहान हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम भएको छ। कार्यक्रममा २२ जनाले रक्तदान गरेका छन्।

रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाले प्राविधिक सहयोग गरेको थियो। यसअघि बिहिबार मदन भण्डारी फाउण्डेशनले पनि रक्तदान कार्यक्रम गरेको थियो। केहीदिन यता दैनिकजसो रक्तदान कार्यक्रम भइरहेको छ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

**QRL (Qualified Reference Lab)**

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



**सम्पर्क**
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि


**हेटौंडा कृषि बजार**

**हेटौंडा-४, मेनरोड**

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्धारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ।

**सेवाहरु**



- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला।)

**सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९**








# मीठो गीतसङ्गीत



## अकबर वीरबलको कथा

अकबरको दरबारमा नाचगान हुने गर्थ्यो । सामान्य नाचगान बाहेक शास्त्री गायन र राग बनाउने कलाकारको पनि कमी थिएन । सबै गायकहरुमा माझमा एक जना तानसेन नाम गरेका उत्कृष्ठ कलाकार पनि थिए । उनले गायन गर्दा अकबर लठ्ठै पर्थे ।

एक दिन तानसेनको गायन सुनेपछि उनले तानसेनको भव्य प्रशंसा गरे । "हे तानसेन ! यो दुनियाँमा शायद तिमीभन्दा श्रेष्ठ गायक र सङ्गीतकार कोही छैन होला ।" अकबरले भने ।

"हे सम्राट ! म भन्दा धेरै गुना राम्रो मेरा गुरुज्यू हुनुहुन्छ ।" तानसेनले भने ।

"तिम्रो गुरुको नाम के हो ?"

"स्वामी हरिदास ।"

"के तिमी तिम्रो स्वामीलाई बोलाउन सक्छौ ?"

उहाँ यहाँ बोलाएर आउनु हुन्न । हुजूरलाई इच्छा छ भने उही सुन्न जानुपर्छ," तानसेनले भने । एक दिन तानसेनको साथमा अकबर पनि स्वामी हरिदासको गायन सुन्न गए । निकै समयको प्रतिक्षापछि आफ्नो समयमा हरिदासले गायन शुरु गरे । उनको गायन सुनेर अकबर चकित भए । उनी दरबारमा फर्के । उनलाई अब तानसेनको गायन नमिठो लाग्न थाल्यो । उनले स्वामी हरिदासको गायनको प्रसङ्ग सुनाउँदै वीरबललाई भने, "वीरबल ! किन तानसेनको स्वर नमीठो लाग्न थालेको होला ?"

वीरबलले जवाफ दिए, "महाराज ! मीठाई खाइसकेपछि दूध खाँदा गुलियो हुन्छ र ? फेरि महत्वपूर्ण कुरा के छ भने हरिदास ईश्वरका लागि गाउँछन् तर तानसेन तपाईका लागि ।" अकबरलाई वीरबलको जवाफ निकै मन पऱ्यो ।

# घोकन्ते विद्या कहिलेसम्म ?



✍ अनाम आचार्य

घोक्नु नै विद्या आर्जन गर्नु हो भन्ने मानसिकताबाट हामी ग्रसित छौं । यो मान्यता हिजो आजबाट मात्र सुरु भएको हैन । यो त शिक्षाको प्राग ऐतिहासिक कालबाटै नै सुरु भएको हो । सायद प्राचीन कालमा हाम्रा पुर्खाहरूले विभिन्न मन्त्रहरू कण्ठस्थ पार्ने हुनाले परम्परागतदेखि नै यसको प्रार्दुभाव रहेको छ भन्ने मेरो ठम्याइ छ । यसबाट हामी मात्र पीडित नभई हाम्रा बा आमा पनि पीडित हुनुहुन्छ । विद्या नचाहिने होइन । विद्या चाहिन्छ तर विद्या प्राप्तिका लागि कण्ठस्थ पार्ने हाम्रो तौरतरिका गलत छ ।

घोकन्ते र ओकन्ते विद्याले हामीलाई अहिलेसम्म छाडेको छैन । आज पनि हाम्रा शैक्षिक संस्थाहरू समाजमा आफ्नो शैक्षिक संस्थाको नाम, दाम र शान बढाउने ध्येयले परीक्षामा उच्च अङ्क ल्याएर परिचित हुनका लागि घोकन्ते विद्यामा जोड दिइरहेका छन् । दुःखको साथ भन्नुपर्छ यसले सिक्ने, सिकाउने ज्ञानको मन्दिरलाई व्यापार गर्ने व्यवसायिक संस्थाको छविमा परिवर्तन गरिरहेको छ ।

घोकन्ते विद्याले बालबालिकाको धेरै पक्षमा प्रभाव पारेको देखिन्छ । यसले बालबालिकाको सामाजिक, शैक्षिक, मानसिक जस्ता विभिन्न पक्षमा नकारात्मक असर पारेको देखिन्छ । यसले बालबालिकाको पूर्ण रूपमा खोज, अध्ययन, अन्वेषण, अनुसन्धान गर्ने, सृजना गर्ने, कल्पना गर्ने क्षमतालाई पूर्ण रूपमा नष्ट गर्छ । जसको फलस्वरूप यसलाई बालबालिकाले बोझको रूपमा लिने गरेका छन् । यसले बालबालिकालाई आफूले सिकेको कुराहरूलाई व्यवहारमा उतार्ने वा प्रयोग गर्ने अवसरबाट बञ्चित गर्छ । यसले बालबालिकामा आफूले पढेको कुरा घोकेर केवल परीक्षामा राम्रो अङ्कका साथ पास हुन अथवा राम्रो ग्रेड ल्याउनका लागि घोक्ने हो भन्ने मनोविज्ञानको विकास गर्छ जसले गर्दा उनीहरूले आफूले सिकेका कुरालाई व्यवहारमा उतार्ने प्रयास गर्दैनन् । घोकन्ते विद्याबाट प्रदान गरिएको ज्ञान अपूर्ण, अपुरो हुनुका साथै समय सान्दर्भिक पनि हुँदैन । यस्ता ज्ञानले वर्तमान समयसँग मेल खाँदैन र सिकाइ निष्फल हुन्छ ।

सबैभन्दा ठूलो कमजोरी नै हाम्रो सिकाइ पद्धति वा क्रियाकलाप अनुकरणमुखी भयो । हामीले सिर्जनशील हुन सिकाएनौँ, नक्कल मात्र गर्न सिकायौँ । खोजी गर्न र समस्याको आफैं समाधान गर्न सिकाएनौँ । पढ-पढ मात्र भन्यौँ । त्यसैले घोकन्ते विद्यामा अभ्यस्त बनायौँ अनि आफूले जसरी जानेको छ, त्यसरी नै गाइड गऱ्यौँ । शिक्षकले आफूलाई सर्वेसर्वा ठान्नै हुँदैन ।

उदाहरणका रूपमा मैले मेरै प्रसङ्गलाई जोडेँ । मेरो विद्यालय शिक्षा घोकन्ते विद्याबाट केही टाढा थियो । शिक्षकहरूले पढाउने समयमा पनि नोट नलेखाएर विषयवस्तुलाई राम्रोसँग बुझाएर विद्यार्थीहरूलाई नै अभ्यास गर्न, विषयवस्तुको प्रस्तुतीकरण गर्न दिनुहुन्थ्यो अथार्त् "गरेर सिक्ने" पद्धतिलाई जोड दिनुहुन्थ्यो । जसले गर्दा विद्यार्थीमा लेख्ने, तर्क गर्ने, चिन्तन गर्ने, खोज्ने र विषयवस्तुलाई नजिकबाट बुझ्ने बानिको विकास हुन्थ्यो ।

तर स्नातक तहको अध्ययनसँगै म यस्ता गतिविधिहरूबाट टाढा हुँदै गएँ । "गरेर सिक्ने" विधिको प्रयोग नहुँदा मुख्यतः लेख्ने, तर्क गर्ने, चिन्तन गर्ने, खोज्ने बानी हराउँदै जाँदो रहेछ र शिक्षकमा परनिर्भर हुँइदो रहेछ ।

मेरो उदाहरणको सार यदि हामीले घोकन्ते विद्यालाई विस्थापित गर्यौं र "गरेर सिक्ने" बानीको विकास गर्यौं भने यसले विद्यार्थीको लेख्ने, तर्क गर्ने, विचार विमर्श गर्ने, चिन्तन गर्ने, विषयवस्तुलाई नजिकबाट बुझ्ने बानीको विकास भई बालबालिकाको सबै पक्षमा विकास हुन्छ ।

अन्त्यमा भन्नुपर्दा आजको युगमा आइपुग्दा पनि हामीले प्राग ऐतिहासिक कालदेखि चल्दै आएको घोकन्ते विद्यालाई प्राथमिकता दिइरहेका छौँ । शिक्षालाई समय सुहाउँदो बनाउनका लागि, सान्दर्भिक बनाउनका लागि र बालबालिकाको चौतर्फी विकासका लागि घोकन्ते विद्यालाई विस्थापित गरी "गरेर सिक्ने" पद्धतिलाई आत्मसाथ गर्नु नै उपयुक्त हुन्छ ।

*हेटौंडा -९*

# म हिँडेको गाउँको बाटो मुस्कुरायो...!



✍ रामबाबु थापा

*अनेकौं बाल्यकालका यादहरु सँगाल्दै गह्रौं र भारी मन लिएर गाउँबाट फर्किनै लाग्दा मेरै पुरानो छिमेकी घरको एफएममा जनगायक जीवन शर्माको अति लोकप्रिय गीत 'म हिँडेको गाउँको बाटो मुस्कुरायो...*

धेरै वर्षपछि म आफूले छाडेको गाउँ पुगेँ । बालापन हुर्केको ठाउँ पुगेँ । मलाई देख्ने बित्तिकै मेरो पुरानो घर, गोठ, कान्लो बारी र चौताराहरु रुन्चे हाँसोमा मेरै सन्चो बिसन्चो सोध्दै थिए । उनीहरु मेरी आमा माइली अर्थात् पट्नावाली खोजिरहेका थिए । प्रत्युत्तरमा मसँग आँसु मात्र थिए । त्यतिखेर मैले उनीहरुको माइली दिदी स्वर्गवास भएको दुःखद् कथा सुनाएँ । सबैले ठुलो स्वरमा चिच्याएर रुँदै आफ्नी प्यारी माइली दिदी खोज्दै श्रद्धाञ्जली दिए झैँ भान मलाई भयो । म अवाक भएँ । कसैलाई केही भन्न सक्ने हैसियत त्यसबखत मसँग थिएन । आँखा टोलाइरह्यो । मलिन अनुहारले उनीहरुको प्रश्नको उत्तर टाउको हल्लाएर मात्र दिन सकेँ । सायद मेरो करुण अवस्था देखेर उनीहरुले पुनः अर्को प्रश्न मसँग गरेनन् ।

किनकिन आज मेरो मानसपटलमा त्यस गाउँमा आफूले बिताएका पुराना यादहरु ताजा हुँदै थिए । च्यातिएको कट्टु र सर्टमा सिलेट र खरी लिएर तुलसी प्राथमिक स्कुलमा विद्यार्जनको पाहिलो पाइला टेकेको अद्भूत क्षणले मेरा आँखा रसाए । मैले करिबकरिब बिर्सनै लागेका त्यतिखेरका आत्मीय तथा प्रिय बालसखाहरु एकएक गरेर मेरो स्मृतिमा आउँदै थिए । गाईगोठालो भएर हस्तेखोरिया, साँगुरी, ढाँडखोला, मति खोला, सुन्दरी खोला, रातु खोला र पाटुका वनहरुमा जामुन, अँगेरी, भलायो र थाकलका गुभा खाँदाको अनुपम स्वर्गीय यादले झन्डैझन्डै मलाई रुवायो ।

अनायास मेरो गोडा त्यही पुरानो खेततिर डोरियो जहाँ मैले खाजा लगेर हलो जोद्दै गरेको हायु कान्छालाई खुवाउने गरेको थिएँ । खेतमा पुगेर पाइला टेक्दै गर्दा खेतको आली, माटो र त्यहाँ लहलहाउँदै गरेका हरिया बर्खे धानहरु हँसिला, रसिला र फूर्तिला झैँ देखिएको प्रतीत भयो, मलाई । लहलहाएका धानका बालाले मेरो गाला मुसार्दै भन्दै थियो, "तिमी यत्रो वर्ष कहाँ बेपत्ता भयौ, रामु..अनि के गर्दै छौ ?" रुन्चे उत्तर दिँदै मैले भनेँ, "के गर्नू नि तिमीहरुकै याद छातीमा सँगाल्दै मरुभूमितुल्य विरान र स्वार्थी सहरमा जीवनको बाँकी दिन सिध्याउँदै छु ।" मेरो पैताला मुसार्दै मलिन हाँसोमा खेत मसँग गुनासो गर्दै थियो, "रामु तिम्रो कलिलो पैतालाले मेरो छातीमा टेक्दाको डाम आफै ताजा छ । हिलाम्मे भएर बाउसे गर्दै रमाएर तिमीले गाएको असारे गीत कानमा गुञ्जिरहेकै छ । हायुकान्छाले मलजल गरेर मलाई गरेको माया उत्तिकै गाढा छ । मेरा आँखा तिम्रा प्रतीक्षामा पानीविहिन भए तर तिमी आएनौ आज कसरी बाटो विरायौ । तिमीले पुःन टेक्दा आँखामा सकिएको पानी टलपल हुँदै फेरि फर्किए । तिम्रो स्पर्शले मात्र पनि आज म हर्षविभोर भएको छु । मेरो प्रिय रामु के तिमीले सन्तोषले एक छाक पेटभरि त खाएका छौ ?"

म निरुत्तरित भएँ । टलपल पानी भरिएका आँखाले हरियो खेतको फाँट राम्ररी हेर्न सकिरहेको थिइन, मैले । बाल्यकालमा आफूसँग परिचित तथा खेल्दै, नाच्दै, उफ्रिँदै हिँडेका गाउँका बाटो, चौतारो, खेत, बारी, घरगोठ, इष्टमित्र, साथीसङ्गी, छरछिमेकहरु अचानक म गाउँमा आएको देख्दा मेरै सामिप बसेर हँसिलो मुद्रामा मेरो उपस्थितिको हर्षगीत गाउँदै थिए । मलाई मेरो बालापनतिर फर्काउँदै उनीहरु त्यस गाउँमा तिज, दसैं, तिहारमा मैले गरेको राम्रोनराम्रो र गाउँलेले कहिल्यै नबिर्सेको मेरा कथा सुनाउँदै थिए । उनीहरुको निश्चल, निष्कपट, निःस्वार्थ मप्रतिको मायाको जवाफ अवरुद्ध कण्ठले मैले दिन सकिन ।

अनेकौं बाल्यकालका यादहरु सँगाल्दै गह्रौं र भारी मन लिएर गाउँबाट फर्किनै लाग्दा मेरै पुरानो छिमेकी घरको एफएममा जनगायक जीवन शर्माको अति लोकप्रिय गीत 'म हिँडेको गाउँको बाटो मुस्कुरायो... बाटो मुस्कुरायो, खनजोत गरेको त्यो पाटो मुस्कुरायो..पाटो मुस्कुरायो' एकोहोरो बजिरहँदा गन्तव्यका लागि अघि बढेका मेरा गोडा एकछिन टक्क अडिए ।

समाप्त

# "नाम चालेका लेखकको किताबलाई खोज्ने गरेको पाइन्छ"

मकवानपुर जिल्लामा पुस्तक प्रकाशनको अभ्यास बढ्दो क्रममा छ । विशेषतः साहित्यिक कृति प्रकाशनको अभ्यास बढी देखिन्छ । अध्ययन, अनुसन्धान र लेखनले समकालिन समाजलाई मार्गनिर्देश गर्दछ । पुस्तक प्रकाशनलाई प्रोत्साहित गर्ने वातावरण अझै बनिसकेको छैन । गत साता मात्रै एउटा साहित्यिक कृति विमोचन गरिएको छ । कृति प्रकाशनको सन्दर्भमा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलसँग समृद्ध समाज दैनिकका लागि सुप्रभा शर्माले गर्नुभएको कुराकानीको सम्पादित अंश:





**निमेष निखिल**
**संयोजक, सर्जक सञ्जाल मकवानपुर**

***समाजः साहित्य कृतिहरुको प्रकाशन कसरी हुन्छ ?***

**निखिल**: साहित्यिक कृतिहरु प्रकाशन हुने पद्दति दुइवटा रहेको छ । लेखक आफैँले लगानी गरेर प्रकाशन गर्ने र आफुले चिनेजानेका आफन्तलाई बाँड्ने र आफैँले बेच्ने एउटा पद्दति हो भने किताबहरु छाप्ने छापाखानालाई प्रकाशन गर्न दिने र बिक्री गर्न लगाई केही प्रतिशत् लेखकलाई दिने प्रक्रिया साहित्यिक कृतिहरु प्रकाशनको अर्को पद्दति हो ।

***समाजः तपाईले आफ्नो साहित्यिक कृतिहरु कसरी प्रकाशन गर्नुभएको छ ?***

**निखिल**: मेरो तीन वटा किताबहरु प्रकाशन भइसकेको छ । म आफैँले लगानी गरेर पहिलो पटक २०६५ सालमा "मनहरुको परिसर" भन्ने कविता सङ्ग्रहको प्रकाशन गरेको थिएँ । मैले २०७१ सालमा दुई वटा किताब प्रकाशन गरेको थिएँ । त्यो किताब काठमाडौंका प्रकाशकहरुले छापेका थिए । उनीहरुले नै बिक्री वितरण गरिदिएको थियो ।

***समाजः मकवानपुरमा कृति विमोचन कहाँ हुन्छ र कृतिहरुलाई पाठक समक्ष कसरी पुऱ्याइन्छ ?***

**निखिल**: छापेको वा प्रकाशित किताबलाई पहिलो पटक पाठकहरु समक्ष सार्वजनिक गर्ने कार्यक्रमलाई कृति विमोचन भन्ने गरिन्छ । कतिपय लेखकहरुले आफ्नै ठाउँमा प्रकाशन गरी विमोचन गर्छ भने राष्ट्रियस्तरका प्रकाशकहरुले छापेको अवस्थामा काठमाडौंतिर पनि कृतिहरु विमोचन गर्ने गर्दछ । कुनै लेखकले आफ्नो कृतिहरुको गृह विमोचन गर्ने चलन पनि रहेको छ ।

***समाजः हेटौंडाका लेखकहरु कस्तो हुनुहुन्छ ?***

**निखिल**: हेटौँडामा धेरै विधामा लेख्ने लेखकहरु छन् । खासगरी कविता, काव्यका क्षेत्रमा हेटौँडा अगाडि नै छ । फुटकर कवितादेखि मुक्तक, गजल, खण्डकाव्य जस्ता विधामा हेटौँडाका लेखकहरु पहिलेदेखि नै अगाडि देखिन्छ । त्यसबाहेक निबन्ध, उपन्यास, कथा, आख्यान जस्ता विधाहरुमा पनि हेटौँडाका लेखकहरुले कलम चलाउने गरेको पाइन्छ । समग्रमा हेर्दा नाटक र उपन्यास विधामा बाहेक सबै विधामा हेटौँडाका लेखकहरु अगाडि नै छ । नाटक र उपन्यास विधामा लेख्ने लेखकहरु चाहीँ कम देखेको छु ।

***समाजः पाठकहरुले केको आधारमा किताब छानेर पढेको देखिन्छ ?***

**निखिल**: खासगरी पाठकले बजारमा चलेको र विभिन्न पत्रपत्रिकामा देखेको आधारमा किताबहरु किन्ने गरेको पाउँछु भने कतिपयले आफुलाई मनपर्ने, नाम चालेका लेखकको किताबलाई खोज्ने गरेको पाइन्छ ।

***समाजः तपाई सर्जक सञ्जाल मकवानपुरको संयोजक हुनुभएको कति समय भयो ?***

**निखिल**: मैले २०७२/७३ देखि सर्जक सञ्जालको संयोजकको काम गर्दै आएको हुँ । सर्जक सञ्जाल मकवानपुरको स्थापनाकालमै हामीले थुप्रै साहित्यिक संघसंस्थाहरुको छाता संगठनको रुपमा परिकल्पना गरेका थियौं । हामीले यस संस्थालाई मकवानपुर जिल्लाको विभिन्न साहित्यिक संगठनहरुको एक साझा संगठनको रुपमा बनाउने तयारी गर्दैछौं ।

***समाजः तपाई यस संस्थाको संयोजक भएर के कस्तो कार्यक्रमहरु गर्नुभयो ?***

**निखिल**: अहिलेसम्म हामीले राष्ट्रिय महत्वको विषयमा धेरै कामहरु गरिसकेका छौं । लगभग एक महिना अगाडि हेटौँडाका विभिन्न ठाउँमा भ्रष्टाचार बिरुद्ध सप्ताहव्यापी रचनावाचन कार्यक्रम गऱ्यौं ।

## लघुकथा
# "शक्तिरुपा"



✍ पं.ज्यो.तोयनाथ सुवेदी


"लौ चाँडै खाना पस्कनुस् त ?" श्रीमानले भने । "हैन आज त सम्बोधन पनि खतरा छ त, के भयो ?" पत्नीले सोधिन् । "तिमी ! खाना खुवाउँदाकी आमा हौ नि त अनि आमालाई पस्की कसरी भन्नु ?" श्रीमानले कुरा सोझ्याए ।

'आमाका विभिन्न रुप हेर्न अन्त जानु पर्दैन नि ! केवल आफ्नी श्रीमतीलाई हेर्दा हुन्छ । बुद्धि बिग्रेका बेलामा असल बुद्धि दिने भएकीले श्रीमती ।

त्यस्तै बिरामी पर्दा, धन सम्पत्ति सकिँदा, सुत्दा, हिँड्दा, पुजामा बस्दै गर्दा विभिन्न अवस्थामा श्रीमतीका रुपहरु विभिन्न रहने भएकाले शक्तिका महाकाली, महालक्ष्मी र महासरस्वती विविध रुपहरु नै श्रीमतीका रुप होइनन् र ...................... जोइटिङ्ग्रे ?????


तपाईका साहित्यिक रचनाहरु समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए
sambridhasamaj@gmail.com
समृद्ध समाज राष्ट्रिय दैनिक

# मुटुमा छ नेपाल




**सरोजप्रसाद साह**

म हुँ नेपाली, मेरो छातीमा छ हिमाल
मुटुमा ,मुटुमा, मुटुमा छ नेपाल
मेरो इच्छामा नेपाल,
मेरो प्रेरणामा नेपाल
मेरो लक्ष्यमा नेपाल



मुटुमा, मुटुमा, मुटुमा छ नेपाल
म हुँ नेपाली,
मेरो बुद्ध छ महान्रु
ढुङ्गा ढुङ्गामा नेपाल,
वन र पन्छीमा नेपाल
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल

हामी नेपाली नै कोसी हौँ
हामी नेपाली नै गुराँस हौँ
हामी नेपाली गोर्खाली हौँ
देशका लागि त, ज्यान दिन तयार हौँ
किनकि
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल
शान्ति र पवित्रता, यो देशको पहिचान
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल
मुटुमा, मुटुमा, मुटुमा छ नेपाल



# आमा

(एक मध्यम वर्गीय परिवारको एउटा छोरा जसले SEE को परीक्षामा ९०% अङ्क प्राप्त गर्छ । बुबाले मार्कसिट हेरेर खुशी हुँदै आफ्नी श्रीमतीलाई भन्नुहुन्छ, मिठा परिकारहरु बनाऊ । SEE परीक्षामा तिम्रो प्यारो छोराले ९०% अङ्क ल्याएको छ ।)



**अनुषा उप्रेती**

छोराको रिजल्ट हेर्नलाई
दौडिँदै आइन्
आमा भान्साबाट
"के यिनले यो पढ्न सक्छिन् ?
यिनी त अनपढ् हुन्"
छोराको वाक्यले नै
अश्रुपूर्ण बनाइदियो आमालाई
बुबाले, हो छोरा,
तैँले एकदमै सही भनिस्
तेरी आमा अनपढ् छे ।

जब तँ गर्भमा थिइस्,
उसलाई दुध पटक्कै
मन पर्दैनथ्यो
उसले तँलाई
स्वस्थ राख्न
नौ महिनासम्म दुध पिउँथी
किनकी
तेरी आमा अनपढ् थिई
तँलाई बिहान ७:०० बजे
स्कूल जानु पर्थ्यों
बिहान ५:०० बजे उठेर
तँलाई मनपर्ने नास्ता
र डिब्बा बनाउँथी
किनकी ऊ अनपढ् थिई
जब तँ रातमा
पढ्दा(पढ्दै निदाउँथिस्,
ऊ आएर तेरो कापी किताब
झोलामा राखीदिन्थी
तँलाई ओछ्यानमा सुताउँथी र
आफू सुत्थी
रातमा बारम्बार उठेर
तँलाई शिरक ओढाउँथी
किनकी ऊ अनपढ् थिई

सानैदेखि तँ समय समयमा
बिरामी हुन्थिस्
त्यतिबेला ऊ रातभर
जागेर पनि
बिहान चाँडै उठेर
काममा लाग्थी
किनकी छोरा
ऊ अनपढ् थिई

तैंले पेट भरी खाएपछि
मात्र ऊ अघाउथी,
टन्न हुन्थी छोरा
किनकि तेरी आमा
अनपढ् थिई

तेरो हरेक चाहना
आवश्यकता परिपूर्ति गर्न
उसले आफ्नो इच्छा
चाहना नै सुम्पिदिई
किनकि छोरा
तेरी आमा अनपढ् थिई

तेरा लागि ब्रान्डेड कपडा किन्न
मेरो पछि पर्थी र
स्वयम् वर्षभरी एउटै
साडीमा रहन्थी ऊ
किनकी अनपढ् थिई

उसले खाना बनाएर
हामीलाई पस्किएर दिएपछि
कहिलेकाँही आफैँले खान नै बिर्सन्थी
किनकी अनपढ् हो ऊ

छोरा, जो तेरो नजरमा
पढे लेखेका मान्छेहरु छन् नि
उनीहरु सबभन्दा पहिला
आफ्नो स्वार्थ र मतलब हेर्छन्
तेरी आमाले
आजसम्म कहिल्यै हेरिन
त्यसैले म गर्वको साथ भन्छु
तेरी आमा अनपढ् नै हो

*कक्षा ९*
*नवोदय शिशु सदन, हेटौँडा*

# घरेलु हिंसा



**सिद्धार्थ फुयाल**

ठूलाले सानालाई माया गरौं
सानाले ठूलालाई सम्मान,
घरेलु हिंसा अपराध हो,
विरोध गर्न भय नमान ।
छोराले माग्यो बाबुसँग पैसा
किनेर खायो उसले पापड
त्यही पापड खान छोरीले पैसा माग्दा
खाइन् उनले झापड ।
घरेलु हिंसा जस्तो विकृतीलाई
निर्मूल पारौं
सुशासनको योजनालाई
अघि अघि सारौं
राख्नुपर्छ एकले अर्काको
अधिकारको मान्
राज्यमा व्यवस्थित कानुनलाई नि
कार्यान्वयन गर्न जान ।

*कक्षा-१०, (सिभिल), भुटनदेवी मावि*

## गाउँखाने कथा

१. पोकाजति बिसाई मुन्टो घुमाउँछन्, मानिसले भेट्टाउँदा तिहुन बनाउँछन् ।
- फर्सिका फल र मुन्टा

२. पोखेको सबै चीज उठाउन हुने, यौटे चीज उठाउन नहुने ।
- बोली

३. पोलेको माछो खेतबारीमा दौडने (दर्गुछ) ।
- हलोको सियो

४. प्रेमीहरु दिलोज्यानले मलाई खोज्ने गर्छन् । मेरो माया पाउँदा भस्म भई मर्छन् ।
- बत्ती र पुतली

५. प्वाङ्ख फुटायो स्वा पियो, हातमा लियो दुइटा दियो ।
- काँचो नरिवल

सामुदायिक
रेडियो, रेडियो
निकास ९३.४
मेगाहर्ज
सुनौं
र सुनाऔं




# सातामो राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: चल–अचल धनको उपयोगबाट फाइदा उठाउन सकिने छ । आर्थिक दृष्ट्रिले राम्रो समय छ । मिहिनेत गर्दा धनागम होला । फसेको धन प्राप्त हुनेछ । अध्ययन–अध्यापनका साथै सीप र ज्ञान बढाउने विषयमा प्रगति होला । स्वास्थ्य समस्या समाधान हुनेछ । कला, कविता र साहित्यमा रुची बढ्न सक्ने योग छ ।

**वृष राशि**: आफ्नो लक्ष्यमा लागि परिने योग छ । आफू भित्रका कमी कमजोरी हटाउँदा राम्रो । रोकिएका कामहरु बन्लान् । शुभ चिन्तको सहयोग लिँदा राम्रो रहला । नयाँ उत्साह र उमङ्ग जाग्ने छ । विजय र सफलता प्राप्त होला । घमण्ड र अंहकार त्याग गर्दा राम्रो । पढाइ–लेखाइ र धार्मिक अनि सामाजिक काममा मन लाग्ने समय योग छ ।

**मिथुन राशि**: परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ला । नियमित र व्यवहारिक खर्च बढ्न सक्छ । वैदेशिक योगबाट लाभ प्राप्त होला । व्यापार–व्यवसाय मध्यम छ । कुबिचार, भ्रम र शङ्का मडारिने समय छ । सानातिना र बेकारका काममा नअल्मलिँदा राम्रो हुन्छ । प्रतिष्ठा र धनधान्यमा वृद्धि हुनेछ । पढाइ–लेखाइ ठिकै छ ।

**कर्कट राशि**: घर जग्गा र शेयर बजारमा लगानी बढ्ला । कर्तव्यप्रति सचेत हुँदा इज्जत र प्रतिष्ठा दुवै पक्षमा फाइदा हुन्छ । सबैले तपाईको सहयोगको अपेक्षा गर्लान् । अरुको हितमा लागि परिने समय छ । अड्किएको वा फसेको धन हात पर्ने समय छ । व्यापारी र व्यवसायीहरुका लागी आम्दानीमा बढोत्तरी होला । धार्मिक र सामाजिक योग छ ।

**सिंह राशि**: अभिभावक र कार्यक्षेत्रमा राम्रो सम्बन्ध रहने छ । महत्वपूर्ण सल्लाह प्राप्त हुनेछ । आम्दानीमा कमी नआउला । आत्मविश्वास अभिवृद्धि हुने समय छ । प्रेम र दाम्पत्य सम्बन्धमा आँच आउला । रणनीति र कार्ययोजनाहरु बनाइएला । व्यक्तित्व विकासको योजना बन्ला । व्यापार–व्यवसाय ठिकै छ । धार्मिक कृत्यमा सरिक ।

**कन्या राशि**: मान्यजनको आर्शिवाद प्राप्त होला । हाँके ताकेका कामहरुमा सफलता प्राप्त । गरेका प्रयासमा भाग्यले साथ दिने छ । अचानक लाभ हुने समय छ । धार्मिक तथा परम्परागत सम्बद्ध काममा सरिक भइने छ । मिहिनेत र परिश्रमले काममा पूर्णता प्राप्त । जनसम्पर्कके दायरा बढ्ने समय योग छ । पढाइ–लेखाइ ठिकै रहेको देखिन्छ ।

**तुला राशि**: मनमा कताकता चिन्ता र शङ्का बढ्ला । रोकिएका कामहरु बन्लान् । निर्णायक मोडमा द्विविधा उत्पन्न हुनेछ । यात्रामा सचेतता अपनाउँदा राम्रो । स्वास्थ्यमा सानातिना समस्या देखा पर्छन् । महत्वकांक्षालाई थाती राख्दा राम्रो । अध्ययन–अध्यापन र मनोबलमा कमीकमजोरी आउला । प्रेम जीवन राम्रो छ ।

**वृश्चिक राशि**: वैवाहिक सम्बन्धमा आउने बाधाहरु हट्नेछन् । विपरीत लिङ्गीबाट लाभ होला । चिन्ता र मनस्थिर नरहहन सक्छ । निर्णय क्षमताको प्रशंसा प्राप्त हुने समय छ । व्यापार–व्यवासका कामहरु मध्यम होलान् । वैदेशिक प्रयोजनका कामहरुमा ढिलासुस्ती होला । लेखाइ–पढाइ र धार्मिक तथा सामाजिक काम मध्यम नै मान्नुपर्दछ ।

**धनु राशि**: आमाको आर्शिवादले काम बन्न सक्छ । काममा बिचलित नभई लक्ष्य प्राप्ति तर्फ उन्मुख हुनु राम्रो हुन्छ । आर्थिक, सामाजिक र व्यवहारिक क्षेत्रमा विविध विषयमा उपलब्धी प्राप्त हुनेछ । झैँ–झगडा र तर्क विवादमा परिएला । शारीरिक थकान बढ्ने छ । व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । वैदेशिक योगबाट हानी प्राप्त होला ।

**मकर राशि**: व्यापार–व्यवसाय मध्यमकारक रहेको छ । प्रयासले अघि बढ्ने समय योग छ । विभिन्न क्रियाकलापबाट सन्तुष्टि मिल्ने छ । आफन्तले समेत मद्धत गर्ने योग छ । खानपान र मनोरञ्जनमा समय व्यतित होला । प्राविधिक र सीपमूलक क्षेत्रमा आकर्षण बढ्ला । कल्पना र भावनामा रमाइने समय योग छ । परीक्षा प्रतियोगितामा सफलता ।

**कुम्भ राशि**: शरीर स्वस्थ रहेपनि चिन्तामा वृद्धि हुने समय छ । आफन्तहरुसँग सजगता अपनाउँदा राम्रो । नौला व्यक्तिहरुसँग सम्पर्क बढ्ने र लाभ प्राप्त होला । व्यापार–व्यवसायको कुरा गर्दा लाभ प्राप्त हुनेछ । थकानको अनुभूति रहने र काममा पनि बाधा व्यवधान योग रहला । पढाइ–लेखाइ तथा धार्मिक र सामाजिक काममा सरिक ।

**मीन राशि**: पराक्रम र प्रसिद्धिमा वृद्धि हुने समय योग छ । रचनात्मक कार्यमा सरिक भइएला । मर्यादा कायम गर्ने र हैसियतमा वृद्धि हुने समय छ । धार्मिक, परोपकारी र सामाजिक क्रियाकलापमा सरिक भइने समय योग छ । कार्यमा सकारात्मक परिवर्तन होला । घमण्ड र जिद्धीपन बढ्ने समय योग रहेको छ । भेटघाटमा समय व्यतित होला ।

# आमाको माया



**कुनाल कुमार बनिया**

नौ महिना गर्भमा राखी जन्म दिने आमा
आमाले नै यो धर्ती टेक्न लाउँछिन्
भोक लाग्दा माम पकाएर खुवाउँछिन्
बिरामी पर्दा रातभरी हेरचाह गर्छिन्

छोराछोरीलाई गाह्रो पर्दा मनको कुरा पढ्छिन्
पानी पर्दा छाता बोकी विद्यालय पुऱ्याइदिन्छिन्
निन्द्रा नलाग्दा कथा सुनाई दिन्छिन्
परीक्षा आउँदा पढ् छोरा पढ् भन्छिन् ।

छोराछोरीलाई आप्ठ्यारो पर्दा छाया बनेर बस्छिन्
आफू नखाई नानीबाबु खाउ खाउ भन्छिन्
बाबाले कराउँदा आमाले नरुनु बाबु भन्छिन्
आफ्नो छोराछोरीलाई संस्कार सिकाउँछिन्

हात समाई हिँड्न दौडन सिकाउँछिन्
असल बाटोमा हिँड्ने गर्नुपर्छ भन्छिन्
भविष्यमा ठूलो व्यक्ति बन्नुपर्छ भन्छिन्
बुद्ध जस्तै ज्ञानी बन्न पढ्ने पर्नुपर्छ भन्छिन् ।

*अमर मावि, कक्षा-७*

हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा







अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३



# अन्तरमन्त्रालय फुटसल प्रतियोगिता सुरु



समाज संवाददाता

हेटौंडाः प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा बागमती प्रदेशका मन्त्रालयमा कार्यरत निजामति कर्मचारीबीच फुटसल प्रतियोगिता सुरु भएको छ। प्रतियोगितामा प्रदेशका मन्त्रालयबाट ११ समूहको सहभागिता रहेको छ। खेल हेटौंडा-४, कमलडाँडास्थित फुटसल कोर्टमा भएको प्रदेश खेलकुद विकास परिषद्का निमित्त कार्यालय प्रमुख देवनारायण चौधरीले जानकारी दिनुभएको छ।

प्रतियोगिताअन्तर्गत शुक्रबार ६ खेल सम्पन्न भएको छ। प्रतियोगिताको उद्घाटन बागमती प्रदेश सरकारका समामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता तथा परिषद् सदस्यसचिव सूर्यलाल भण्डारीको सभाध्यक्षतामा भएको हो। प्रतियोगिताको बिहानको पहिलो खेलमा कृषि तथा पशुपछी विकास मन्त्रालय विजयी भएको छ। आयोजक प्रदेश युवा परिषद् र पशुपछी विकास मन्त्रालयबीच प्रतिस्पर्धा भएको थियो। आयोजकलाई ११-१ गोल अन्तरले पशुपछी विकास मन्त्रालयले हराएको हो।

दोस्रो खेल मुख्यमन्त्री कार्यालय र प्रदेश लोकसेवा आयोगबीच प्रतिस्पर्धा भएको थियो। लोकसेवालाई ६-० गोलले हराउँदै मुख्यमन्त्री कार्यालय विजयी भएको हो। तेस्रो खेलमा श्रम, रोजगार मन्त्रालय विजयी भएको छ। खानेपानी, ऊर्जा तथा सिचाई मन्त्रालयलाई ६-० गोलले हराउँदै श्रम, रोजगार विजयी भएको हो।

यस्तै, दिउँसो भएको चौथो खेलमा वन तथा वातावरण मन्त्रालयले सामाजिक विकास मन्त्रालयलाई हराएको छ। सामाजिक विकास मन्त्रालयलाई ११-१ गोल अन्तरले वन मन्त्रालयले हराएको हो। पाँचौं खेल स्वास्थ्य मन्त्रालय र कृषि तथा पशुपछी विकास मन्त्रालयबीच भएको थियो। खेलमा पशुपछी मन्त्रालय पराजित भएको छ। स्वास्थ्य मन्त्रालयले ४-० गोलले पराजित गरेको हो। पहिलो दिनको अन्तिम खेलमा मुख्यमन्त्री कार्यालय र आर्थिक मामिला मन्त्रालयबीच प्रतिस्पर्धा भएको थियो। मुख्यमन्त्रीले ३-२ गोलले आन्तरिकलाई हराएको हो।

वार्षिक कार्यक्रमअन्तर्गत् अन्तर मन्त्रालय फुटसल प्रतियोगिताको आयोजना गरिएको हो। प्रतियोगिताको फाइनल खेल शनिबार बिहान हुनेछ। प्रतियोगितामा प्रथम हुने समूहले नगद २५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता समूहले नगद १५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ।

# शिक्षक भलिबल प्रतियोगिता सुरु



कमाने एकेडेमी र जनप्रिय माविबीचको खेल।

समाज संवाददाता

हेटौंडाः हेटौंडामा शुक्रबारदेखि शिक्षक भलिबल प्रतियोगिता सुरु भएको छ। हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले आयोजना गरेको प्रतियोगिताको उद्घाटन जिल्ला खेलकुद विकास समिति मकवानपुरको अध्यक्ष वेश खड्गीको प्रमुख आतिथ्यमा भएको हो। उद्घाटन खेल भुटनदेवी मावि र नवोदय शिशु सदनबीच भएको थियो।

नवोदयले भुटनदेवीलाई २-० को सोझो सेटले पराजित गऱ्यो। नवोदयले २५-१५ र २५-१० ले भुटनदेवीलाई पराजित गरेको हो। बिहानै भएको दोस्रो खेल हेटौंडा-८, कमानेस्थित कमाने एकेडेमी र हेटौंडा-१६ हटियास्थित जनप्रिय माविबीच भएको थियो। जनप्रियले पनि कमानेलाई २-० सेटले पराजित गरेको छ। जनप्रियले कमानेलाई २५-१५ र २५-९ को सेटले पराजित गरेको हो।

यस्तै दिउँसो भएको खेलमा हेटौंडा-७ स्थित तासिर इग्लिस स्कूलले हेटौंडा-९ स्थित कृष्ण आदर्श इंग्लिस स्कूललाई २५-१४ र २५-१६ को सोझो सेटमा हराउँदा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविले हेटौंडा-१८ स्थित गोर क्षनाथ माविलाई २५-१० र २५-११ को सोझो सेटमा पराजित गऱ्यो। यस्तै हेटौंडा-५ स्थित जीएस निकेतनले हेटौंडा-३, लेवटस्थित बालउज्ज्वल माविलाई २५-७ र २५-१४ को सेटमा हराउँदा नवोदयले जनज्योति माविलाई २५-११ र २५-१४ को सेटमा पराजित गरेको छ।

हेटौंडा उपमहानगर क्षेत्रका १५ वटा विद्यालयको सहभागिता रहेको प्रतियोगिताको उपाधि विजेताले ३० हजार नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले २५ हजार र सेमफाईनलमा हार्ने टिमलाई १५/१५ हजार प्रदान गरिने प्रतियोगिताका संयोजक राजाराम पोखरेलले जानकारी दिनुभएको छ।

# सिन्धुलीमा सवारी दुर्घटना हुँदा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको छुट्टाछुट्टै स्थानमा सवारी दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। दुर्घटनामा २ जना घाइते भएका छन्।

सिन्धुलीको दुधौली नगरपालिका-२, गागनमा मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थान बस्ने ५६ वर्षीय मोदनाथ सापकोटा रहेको प्रहरीले जानकारी दिएको छ।

बिहीबार दिउँसो १२ बजेर ३० मिनेटको समयमा भिमानबाट डकाहा आउँदै गरेको बा.प्र. ०२-०२८ प ८२७३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा सापकोटा गम्भीर घाइते भएका थिए। घाइते सापकोटालाई उपचारका लागि जिल्ला अस्पताल सिन्धुली लगिएकोमा उपचारको क्रममा १ बजे मृत्यु भएको प्रहरीले जनाएको छ।

यस्तै, सिन्धुली जिल्लाका गोलञ्जोर गाउँपालिका-४, मुलडाँडामा ट्याक्टर आफैं अनियन्त्रित भई सडकबाट खस्दा सडकमा हिँड्दै गरेको पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा ६३ वर्षीय गोकुलबहादुर क्यापछाकी मगर रहेको प्रहरीले जानकारी दिएको छ।

बिहीबार भित्री सडक-खण्डमा मुलडाँडाबाट बित्तिजोर जाँदै गरेको प्र. २-०३-००१ त २३३३ नम्बरको ट्याक्टर आफैं अनियन्त्रित भई सडकबाट खस्दा २ जना घाइते भएका छन्। घाइते हुनेमा चालक २२ वर्षीय सागर क्यापछाकी मगर र १४ वर्षीय लोकुन्द्र थापा मगर रहेको प्रहरीले जानकारी दिएको छ।

घाइते सागरको सामुदायिक अस्पताल खुर्कोटमा उपचार भइरहेको छ भने घाइते लोकुन्द्रको सुनकोशी सामुदायिक अस्पताल खुर्कोटमा उपचार भइरहेको छ। गोकुललाई उपचारका लागि ल्याउने क्रममा बाटोमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# मनसुनी प्रणाली देशभर फैलियो

काठमाडौंः मनसुनी प्रणाली आज शुक्रबारदेखि देशभर फैलिएको छ। सरदर मितिभन्दा एक दिन ढिला नेपाल प्रवेश गरेको मनसुन ९ दिनपछि देशभर फैलिएको हो।

नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ हो। तर यस वर्ष एक दिन ढिलो अर्थात् जुन १४ तारिख (जेठ ३१ गते) मनसुन भित्रिएको थियो। पूर्वी नेपालबाट भित्रिएको मनसुनी प्रणाली शुक्रबारदेखि देशभर फैलिएको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। देशभर मनसुन फैलिएको र सक्रिय अवस्थामा रहेकाले आगामी तीन दिनसम्म देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुने महाशाखाले जारी गरेको बुलेटिनमा उल्लेख छ। मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षा हुने पूर्वानुमान महाशाखाले गरेको छ। (स्रोतः अनलाइनखबर)

# एकेडेमी र चाइना विजयी

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी विजय युथ गोल्ड कपअन्तर्गत शुक्रबारको खेलमा हेटौंडा फुटबल एकेडेमी र चाइना पब्लिक युथ क्लब विजयी भएको छ। चाइना पब्लिक युथ क्लबले चौकीटोल युथ क्लबलाई सडेन डेथमा ५-४ ले पराजित गर्दै विजयी हुन सफल भएको छ। हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रङगशालामा हेटौंडा फुटबल एकेडेमीले विजय युथ क्लबलाई ४-१ ले पराजित गरेको हो। एकेडेमीका लागि पहिलो हाफमा दावा लामाले र सन्जीव अर्यालले १/१ गोल गरेका थिए भने दोस्रो हाफमा दावा लामा र मनिष पौडेलले १/१ गोल गरे। विजय युथका तर्फबाट १ गोल जीवन जिम्बाले गरेका थिए।

# दोलखाका जोगी रामेछापमा मृत फेला

समाज संवाददाता

हेटौंडाः रामेछाप जिल्लाको मन्थली नगरपालिका-७, ढिकुरी मन्दिरमा रहेको तामाकोशी नदीको किनारमा एकजना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा दोलखा मेलुङ गाउँपालिका-७, जोगी गाउँ बस्ने ५६ वर्षीय जयबहादुर जोगी रहेको प्रहरीले जानकारी दिएको छ।

जोगी २ गते शनिबारदेखि हराइरहेकोमा बिहीबार तामाकोशी नदीको किनारमा मृत फेला परेका हुन्। मृत जोगीको शव पोष्टमार्टमका लागि केएमसी अस्पताल दुवाकोट भक्तपुर लगिएको प्रहरीले जानकारी दिएको छ।

# शिक्षक, कर्मचारीको विदाई

समाज संवाददाता

हेटौंडाः विभिन्न समयमा विद्यालयमा सेवा गरी अनिवार्य अवकास पाएका, अन्यत्र विद्यालय सरुवा भएका, स्थायी नियुक्ति पाएका, निजामति सेवामा प्रवेश गरेका र स्वेच्छिक अवकास लिएका १५ जना शिक्षक र कर्मचारीलाई हेटौंडा-६, गौरिटारस्थित बालजागृति युवा वर्ष माविले एकसाथ विदाई गरेको छ। शुक्रबार एक कार्यक्रमका बीच शिक्षक तथा कर्मचारीलाई विदाई गरेको प्रधानाध्यापक सम्फना अधिकारीले जानकारी दिनुभएको छ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष कुमार तिमल्सिनाको अध्यक्षता तथा वडा अध्यक्ष विष्णु बहादुर दाहालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा १ कक्षादेखि ८ कक्षासम्म अध्ययन गर्ने छात्रा र दलित विद्यार्थीलाई छात्रवृत्ति रकम पनि वितरण गरिएको थियो। विद्यालयको शैक्षिक वातावरण निर्माणमा रचनात्मक गतिविधि गर्दै आएको विद्यालयले कक्षाकोठामा किताबको कुनो बनाउने तयारी गरिरहेको विद्यालयकी प्रधानाध्यापक अधिकारीले बताउनुभयो। हरेक शुक्रबार विद्यार्थीबीच बौद्धिक एवम् शैक्षिक प्रतिस्पर्धा एवम् विद्यार्थीको व्यक्तित्व विकासका कियालाप पनि गर्दै आएको छ। यसअघि सम्पन्न म्युजिकल चेयर, अंग्रेजी, नेपाली हस्तलेखन, गणित दौडलगायतका क्रियाकलापमा राम्रो नतीजा हासिल गर्ने विद्यार्थीलाई पुरस्कृत समेत गरिएको थियो।

# प्रजा आधारभूत विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता



हाजिरीजवाफमा सहभागी विद्यार्थीलाई पुरस्कृत गर्नुहुँदै प्रधानाध्यापक तुलबहादुर सुनार।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-३, सिद्धकालीस्थित प्रजा आधारभूत विद्यालयमा शुक्रबारीय अतिरिक्त क्रियाकलापअन्तर्गत हाजिरीजवाफ प्रतियोगिता भएको छ। आज भएको प्रतियोगितामा ४ कक्षादेखि ८ कक्षासम्मका विद्यार्थीको सहभागिता रहेको थियो।

पाँच जना विद्यार्थीको पाँचवटा समूह सहभागी भएको प्रतियोगितामा स्मृति प्रजा, युनिषा स्याङ्तान, आयुष सुनार, सुवास रुम्बा र मीरा नेपालीको लालीगुराँस समूह प्रथम, रचना सुनार, अरुणा भुलुन, कृजन नेपाली, श्रृष्टि प्रजा र प्रशंसा तामाङको मखमली समूह द्वितीय र कृष नेपाली, विवेक मुक्तान, दिलाशा स्याङ्तान, युनिषा लामा र कविना प्रजाको सयपत्री समूह तृतीय भएका छन्। हाजिरजवाफमा पाठ्यक्रममै आधारित प्रश्नका साथै स्थानीय गतिविधिसँग सम्बन्धित भएर प्रश्न तयार पारिएको थियो।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कारस्वरुप शैक्षिक सामग्री हस्तान्तरण गरिएको विद्यालयका प्रधानाध्यापक तुलबहादुर सुनारले जानकारी दिनुभएको छ। यसअघिका शुक्रबार विद्यालयले चित्रकला, हस्तलेखनजस्ता क्रियाकलाप आयोजना गरेको प्रधानाध्यापक सुनारले बताउनुभएको छ। ८ कक्षासम्म पठनपाठन हुने प्रजा आधारभूत विद्यालयमा ३ सय २९ जना विद्यार्थी अध्ययनरत छन्।

# स्थापना दिवसमा शैक्षिक सामग्री सहयोग

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी-४ स्थित सिर्जनशील समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १७ औं स्थापना दिवसको अवसरमा विद्यालयलाई शैक्षिक सामग्री सहयोग गरेको छ।

शुक्रबार मकवानपुरगढी-४ मा रहेको ज्वालादेवी आधारभूत विद्यालयमा १० हजार रुपैयाँ बराबरको शैक्षिक सामग्री सहयोग गरेको विद्यालयका शिक्षक ईन्द्रप्रसाद चौलागाईले जानकारी दिनुभयो।

विद्यालयका १५ जना विद्यार्थीहरुलाई एक-एक दर्जन कपी र एक-एक बट्टा सिसाकलम दिइएको उहाँले जानकारी दिनुभयो।

## शिक्षक आवश्यकता

प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०३/०७

प्रस्तुत सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको गतेको बैठकको निर्णय, हेटौंडा उपमहानगरपालिकाको २०८०/०३/०५ गतेको सिफारिसपत्र र शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको २०८०/०३/०६ गतेको पदपूर्ति अनुमतिपत्रअनुसार यस विद्यालयमा रिक्त रहेको निमावि (राहत) विज्ञान तथा प्रविधि विषय शिक्षक १ जना आवश्यक परेको हुँदा इच्छुक योग्य नेपाली नागरिकबाट तपसिल बमोजिम दरखास्त आव्हान गरिन्छ।

तपसिल
१) विज्ञापन नं १/०७९/०८०
२) तहः निमावि राहत।
३) विषयः विज्ञान तथा प्रविधि।
४) उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
५) न्यूनतम शैक्षिक योग्यताः विज्ञान विषयमा दश जोड दुइ वा सो सरह उत्तीर्ण गरी कक्षा १० सम्म कम्प्युटर विषय अध्यापन गर्न सक्ने।
६) परीक्षाको किसिमः लिखित, मौखिक र कक्षा अवलोकन (प्रयोगात्मक)।
७) सेवा सुविधाः नेपाल सरकारको नियमानुसार।
८) दरखास्त दस्तुरः रु १५००/-
९) दरखास्त दिने अन्तिम मितिः २०८०/०३/२१ विद्यालय समयसम्म।
१०) सर्मक मितिः २०८०/३/२२
परीक्षा मितिः सर्मक मितिमा जानकारी गराइने छ।

**आवश्यक कागजातहरुः**
क) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि १ थान।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान।
ग) अध्यापन अनुमतिपत्रको प्रतिलिपि १ थान।
घ) कम्प्युटर सीपसम्बन्धी प्रमाणपत्रको प्रतिलिपि १ थान।
ङ) हस्तलिखित निवेदन १ थान।
च) नगदी रसिद १ थान।

**नोटः** शिक्षक सेवा आयोगबाट लिइएको परीक्षाको करार सूचिमा भएका उम्मेदवारहरुले विज्ञापन भएको मितिले ७ (सात) दिन भित्रमा निवेदन पेश गर्नुपर्नेछ।

प्रधानाध्यापक
ज्ञानदा मावि
हेटौंडा-१०, मकवानपुर
सम्पर्कः ०५७-५२१३५७/९८६५०१२६३३/९८४५०३०१४२

समृद्ध समाज
राष्ट्रिय
दैनिक
www.samriddhasamaj.com.np

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ